# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :२०८० /०८१
चलानी नं 2004

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मितिः- २०८१/०२/१६

**विषयः-अतिरिक्त कक्षा सञ्चालनको योजना पेश गर्ने सम्बन्धमा ।**

श्री सम्पूर्ण आधारभूत तह, कक्षा (१-८) र
माध्यमिक तहका विद्यालयहरु(सामुदायिक तर्फ)
बेसीशहर नगरपालिका, लमजुङ

प्रस्तुत विषयमा २०८० साल चैत्र महिनामा नगरपालिका स्तरमा सञ्चालन भएको कक्षा (६ -९) को परीक्षाको नतिजा बिश्लेषण गर्दा गणित र विज्ञान तथा प्रविधि विषयमा अत्यधिक संख्यामा विद्यार्थीहरु अनुत्तिर्ण भएको पाइयो ।सबै विद्यालयहरुलाई उक्त परीक्षाको विषयगत रुपमा विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धि अङ्क सहितको विवरण पठाइएको छ ।विद्यार्थीहरुको सिकाई उपलब्धी बिश्लेषण गरी न्यून सिकाई उपलब्धी एवम् समान सिकाई क्षमता भएका विद्यार्थीहरुको समूह निर्माण गरी द्रुत सिकाईका लागि अतिरिक्त सिकाई तथा उपचारात्मक शिक्षणका लागि कक्षा सञ्चालनको १ महिने योजना सहित विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई मिति २०८१/०२/२५ गते भित्र बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्तावना पेश गर्न जानकारी गराईएको छ ।फरक फरक कक्षामा अध्ययन गर्ने भएतापनि समान सिकाई उपलब्धि भएका बालबालिकाहरुलाई एउटै समूहमा राखेर अतिरिक्त कक्षा सञ्चालन गर्न सकिनेछ ।

प्रस्तावनाको ढाँचा

अतिरिक्त सिकई तथा उपचारात्मक शिक्षणका लागि कक्षा सञ्चालन योजना
विद्यालयको नाम र ठेगानाः
कक्षा सञ्चालन अवधि: मिति २०८१/०३/०१ देखि २०८१/०३/३० सम्म
विषय:
पहिलो समूह

| क्र. सं. | विद्यार्थीको नाम थर | हाल अध्ययन गर्ने कक्षा | सिकाईने विषयवस्तु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नि. प्रमुख प्रशासकिय अधिकृत